# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १३ ] काठमाडौं, वैशाख ६ गते २०२० साल [ संख्या २

### श्री ५ को सरकार
### अर्थ मन्त्रालयको
### सूचना

भन्सार ऐन, २०१६ को दफा ६ को उप–दफा (२) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेकोछ ।

खास यात्रुहरूले विक्री वितरणको निमित्त नभै आफ्नै घरखर्च एवं व्यक्तिगत प्रयोगका निमित्त ल्याएको दैनिक प्रयोगका निजी गुण्टा झिटी भारीमा रहेका देहाय बमोजिमको निकासी वा पैठारी हुने माल वा वस्तुको पूर्ण अंशमा भन्सार महसूल नलिने गरी भन्सार सुविधा दिइएकोछ ।

१– चलन चल्तीमा ल्याइएको लुगाफाटाहरू वर विछ्याउना, कसन तमन पुराना घर गृहस्थीका वस्तुहरू गैन्ह (तर मोटर, मोटर साइकल स्कूटर साइकल यस्तै सवारी सामानहरू र खर–खजानामा महसूल लाग्नेछ) ।

२– चलन चल्तीमा ल्याएको फोन्टेपेन एक यात्रूलाई गोटा दुई – – २

३– चलन चल्तीमा ल्याएको घडी एक यात्रूलाई गोटा एक – – १

४– यात्रीको पेसाको सामान जस्तै :–

(क) कर्मीको काम गर्ना निमित्त चलन चल्तीमा ल्याएको कर्मीका ज्याबल ।



९१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) डाक्टरको काम गर्नको निमित्त चलन चल्तीमा ल्याएको डाक्टरको चिरफारको सामान।

(ग) चलन चल्तीमा ल्याइएको डाक्टर वैद्यको औषधि रहेको बट्टा एक – १

(घ) गवैयाको गाना बजानाको यन्त्र गोटा र ऐ का सामान।

(ङ) खेलाडीको खेल्ने खेलको सामान जस्तैः– र्‍याकेट गोटा दुई – २

(च) माछा मार्नेको रड जाल गोटा एक १ सम्म।

५– पुरानो पोर्टेबुल टाइप राइटर गोटा एक – १

६– क्यामरा गोटा एक – – १

७– मोमि क्यामरा गोटा एक – १ समुद्रपारबाट आउनेलाइमा

८– क्यामराको फिल्म प्लेट वा रोल गोटा तीन – ३

९– ट्रान्जिष्टर रेडियो गोटा एक – – १ समुद्रपारबाट आउनेलाइमा

१०– शरीरमा लगाएको सुनको एकसरो गहना गुरियामा औकातसमेत विचार गरी बढीसे बढी १० दश तोलासम्म र चलन चल्तीको चाँदीको गहना भांडावर्तनमा पनि औकात हेरी बढीसे बढी १५० एकसय पचास तोला र जवाहिरात जडान भएको गहनामा ने. रु. १६००। एकहजार छसय मोल पर्ने चीजहरूको निकासीमा।

११– शरीरमा लगाएको सुनको गहना गुरियामा औकातसमेत विचार गरी बढीसे बढी १० दश तोलासम्म र चलन चल्तीको चांदीको गहनामा भांडा वर्तन पनि औकात हेरी बढीसे बढी १५० एकसय पचास तोलासम्म र जवाहिरातको गहनामा ने. रु. २०००।– दुई हजारसम्मको पैठारीमा।

१२. एक परिवारलाई चामल, च्यूरा, पिठो, दाल, भटमास इत्यादि खाद्यान्न चार सेरसम्म।

१३. एक परिवारलाई तेल दुई (२) सेरसम्म।

१४. ऐ घ्यू एक (१) सेर सम्म।

१५. ऐ लहसुन, खुर्सानी, तथा मसलाहरू इत्यादि एक (१) सेरसम्म।

१६. ऐ सखर गुड चाकु चिनी, एक (१) सेरसम्म।

१७. ऐ नून एक (१) सेरसम्म।

१८. ऐ सुका फल फुल अढाइ २।। सेरसम्म।

१९. ऐ फलफुल बीस गोटासम्म।

२०. ऐ मिठाइ, अचारहरू ने. रु. १०। दश सम्म।

२१. ऐ औषधि ने. रु. ५०। पचासम्म।

२२. ऐ नयां कपडा लुगा फाटाहरू र अन्य सामानमाः–

(क) एक परिवारलाई सुती वा रेशमी कपडाहरू गज १० (दश) सम्म।

(ख) ऐ ऊनी कपडा गज ५ (पाँच) सम्म।

(ग) ऐ उन पाउण्ड एक (१) सम्म।

(घ) एक यात्रूलाई जुत्ता चप्पल जोर एक (१) सम्म।

(ङ) टोप, टोपी, मोजा, पन्जा, स्वेटर, तन्ना, रुमाल दुई (२) सम्म।

97

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) सिएका लुगाहरू जोर दुई (२) सम्म ।

(छ) एक परिवारलाई खेलको सामान ने. रू. ३०। सम्म ।

(ज) एक यात्रूलाई बट्टामा रहेको चुरोट गोटा पचास (५०) सम्म

(झ) ऐ टोब्याको औन्स चार (४) औन्ससम्म।

(ञ) ऐ जर्दा, सुर्ती चार (४) औन्ससम्म ।

(२३) खास टुरिष्ट ( पर्यटक ) यात्रीहरूको निमित्त उपरोक्त लेखिए बमोजिममा देहाय बमोजिमको थप मालमा पनि भन्सार लाग्ने छैन ।

(क) चलन चल्तीमा ल्याएको वाइनाकुलर (दूर्वीन गोटा एक – १

(ख) क्यामरा गोटा एक – – – १

(ग) क्यामराको फिल्म रोल ५ पांच वा प्लेट १२ बान्हसम्म –

(घ) चलन चल्तीमा ल्याएको मोवी क्यामरागोटा एक – १

(ङ) ऐ को फिल्म रोल दुई – – २

(च) चलन चल्तीमा ल्याएको पोर्टेवल ग्रामोफोन गोटा एक – १

(छ) ऐ को रेकर्ड गोटा १० (दश) – – १०

(ज) सिगरेट खिलि १५० एकसय पचास

(झ) सिगार खिलि बीस – – २०

(ञ) वाइन बोतल एक, बियर बोतल दुई

(ट) ट्वायलेट पे-पर रोल २ दुई ट्वायलेट वाटर बोतल एक –१

(ठ) चलन चल्तीमा ल्याएको टेपरेकर्ड एक र ऐ को टेपरोल ४ चार ।

(ड) हात-हतियारको हकमा श्री ५ को सरकारले प्रदान गरेको लाइसेन्समा उल्लेख गरे जति ।

(ढ) नेपाल अधिराज्यबाट लैजान सक्ने सौगात सुभिनियर ने. रू. ५००। सम्म ।

(ण) औषधि ५० रू, सम्म ।

(त) साथमा लिन हुने वाद्य यन्त्र गोटा एक – – १

(थ) साथमा लिन हुने रेडियो (ट्रान्जिष्टर रेडियो) गोटा एक – १

(द) प्रेम्बुलेटर (बच्चाहरू घुमाउने गाडी) एक – – १

(ध) पाल र तत् सम्बन्धी सामान सेट एक – – १

(न) माछा मार्ने बल्छी आदि सेट एक – – १

मिति ०११।८।१४ र ०१४।२।२८ को नेपाल गजेटमा प्रकाशित तत्-सम्बन्धित सूचनालाई खारेज गरिइएकोछ ।

आज्ञाले-
डा. यादवप्रसाद पन्त,
श्री ५ को सरकारको सचिव,
अर्थ मन्त्रालय ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

९८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।